प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ६५ ॥ २०८० चैत्र २९ गते बिहिबार (11th Apr 2024 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

## सरकारले राप्रपासंग वार्ता गर्दैन: सञ्चारमन्त्री शर्मा

बिर्तामोड(प्रस)। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राप्रपासंग सरकारले वार्ता नगर्ने बताएकी छन् । राजधानीमा राप्रपाले गरेको प्रदर्शनका बारेमा बोल्दै उनले सबै समस्याको हल संवाद र छलफलबाट सम्भव भएपनि राजतन्त्र ल्याउँछु भन्नेसँग वार्ता नहुने स्पष्ट पारिन् । बुधबार झापाको बिर्तामोडमा पत्रकारहरुसँग कुरा गर्दै उनले पश्चगामी सोच र उद्देश्यप्रेरित आन्दोलनको कुनै अर्थ नहुने दावी गरिन् ।



'अग्रगमनले मात्रै समाज रुपान्तरण र मुलुकको विकास सम्भव छ,' उनले भनिन्, 'राष्ट्रिय प्रजातन्त्र पार्टीको एजेन्डा र आन्दोलन पश्चगामी चरित्रको हो, त्यस्तो एजेन्डा बोकेर आन्दोलन गर्नेसँग सरकारले वार्ता गर्दैन ।'

लोकतान्त्रिक गणतन्त्रको अर्को विकल्प तत्काल नभएकाले हिजै पार गरेर आइसकेको राजतन्त्र नयाँ विकल्प हुनै नसक्ने उनले जिकिर गरिन् । उनले अग्रगामी चेतनाका साथ सडकमा आउने, लोकतन्त्रमा शान्तिपूर्ण आन्दोलन गर्ने छुट सबैलाई हुनेमा शंका नगर्न आग्रह गरिन् । लोकतान्त्रिक व्यवस्था भएकै कारण स्वतन्त्रतापूर्वक आफ्ना कुरा राख्ने अवस्था सिर्जना भएको मन्त्री शर्माले बताइन् ।

उनले इलाममा जनाधार नभएर होइन, सहकार्य र नयाँ सत्ता समीकरणलाई नयाँ शिराबाट अघि बढाउने दीर्घकालीन सोच र योजनाका साथ नेकपा माओवादी केन्द्रले उम्मेदवार नउठाएको स्पष्ट पारिन् ।'पार्टी अभिमतबाट भागेको, डराएको केही पनि होइन, हाम्रो त्यहाँ राम्रै जनाधार छ' उनले भनिन्, 'सुवास नेम्वाङ सधैं राजनीतिक एकता र सहकार्यमा जोड दिइरहनु हुन्थ्यो, उहाँकै सम्मानमा पार्टीले सुहाङलाई समर्थन गर्ने निर्णय गरेको हो ।'

मन्त्री शर्माले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेबिरुद्ध प्रमुख प्रतिपक्षी दल कांग्रेसले राजनीतिक पूर्वाग्रहका दृष्टिकोणले आरोप लगाइरहेको दावी गरिन् । उनले ठाडो निवेदन दिएकै भरमा उपप्रधानमन्त्री लामिछानेमाथि छानबिन समिति बन्न नसक्ने स्पष्ट पारिन् । उनले कांग्रेसले सुरुवाती दिनमा गृहमन्त्रीको राजीनामा र दोषी नै हो भन्ने ढंगले प्रस्तुत भएको तर अहिले संसदीय समिति बनाउने कुरामा अड्डि कएको बताइन् । उनले समग्र सहकारीको समस्याको छानबिन गर्न र समस्या समाधान गर्ने कुरामा सरकार सकारात्मक रहेको समेत दाबी गरिन् ।'संसद् मा विभिन्न प्रश्नहरु उठिरहेका छन् । खासगरी उपप्रधान एवं गृहमन्त्रीको बारेमा जे कुराहरु उठिरहेका थिए, त्यो बुझ्दा एउटा ठाडो निवेदन गएको र दर्ता पनि नभएको भन्ने छ । समग्र विषयको छानबिन गर्ने कुरामा त कुनै अन्यथाको कुरा भएन । जुन बेलाबाट सहकारीभित्र समस्या देखापरे, त्यसमा छानबिन गरी समस्या समाधान गर्ने कुरामा कसैको असहमति हुँदैन,' उनले भनिन्, 'राजनीतिक पूर्वाग्रहबाट आरोप लगाएर छानविन समिति गठनको माग गर्नु मिल्दैन ।'

मन्त्री शर्माले प्रेस काउन्सिलको ठाउँमा मिडिया काउन्सिल बनाउने गरी सरकार अघि बढिरहेको बताइन् । 'सरकारले प्रेस काउन्सिलको ठाउँमा मिडिया काउन्सिल बनाउने तयारी गरिरहेको छ । किनभने अनलाइन मिडिया आइसके, न्यु मिडियाहरु आइसके, सबैलाई समेटेर, सबैलाई प्रोत्साहित गरेर जानुपर्नेछ,' उनले भनिन् ।साइबर सुरक्षा केन्द्र स्थापना र सामाजिक सञ्जाल निर्देशिका प्रस्तुत भइसकेको उनले जानकारी दिइन् । प्रेस सेन्टर नेपाल झापाका अध्यक्ष राजु पाठकको अध्यक्षतामा भएको कार्यक्रम सचिव पुष्प खड्काले सञ्चालन गरेका थिए ।

## सरकारले दियो आज सार्वजनिक बिदा

झापा(प्रस) । गृह मन्त्रालयले इस्लाम धर्मावलम्बीहरुको पर्व 'ईदउत्रफित्र'को अवसरमा आज बिहीवार सार्वजनिक बिदा दिएको छ। गृहमन्त्रालयले बुधबार विज्ञप्ति निकाली 'ईदउत्रफित्र'को अवसरमा भोलि बिदा दिने निर्णय गरेको जनाएको छाइस्लाम धर्मावलम्वीहरुले रमजान महिनाको ३० दिनको 'रोजा' व्रत बुधवार पूरा गर्दै बिहीवार 'ईदउत्रफित्र' मनाउने भएपछि सरकारले बिदा दिएको हो।




केही मुस्लिमले 'ईदउलफित्र'को नमाज मस्जिदमा त केहीले ' इदगाह'मा सामूहिक भेला भइ दुई रिकात नमाज पढेर सम्पत्र गर्छन्। नमाज पूरा गरेपछि एकअर्कालाई अङ्कमाल गरेर बधाई साटासाट गर्छन् भने घरमा विभित्र परिकार पकाएर खाने गर्दछन्। रमजान महिना उर्दू पात्रोको अनुसार नवौं महिना हो। यो पर्वको ७०औं दिनमा बकरिद अर्थात 'ईदउलअजहा' पर्व मनाउने गर्दछन्। यस अवसरमा मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्दछन्।

## राष्ट्रिय सभाको उपाध्यक्षमा एमालेकी घिमिरे निर्वाचित

झापा(प्रस)। नेकपा एमालेकी सांसद बिमला घिमिरे राष्ट्रिय सभाको उपाध्यक्षमा निर्वाचित भएकी छन् । बुधवार राष्ट्रिय सभामा भएको निर्वाचनमा घिमिरेलाई उपाध्यक्षमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको हो । बहुमत सदस्यहरुले घिमिरेलाई उपाध्यक्षमानिर्वाचित गर्न समर्थन जनाएपछि सभाका अध्यक्ष नारायणप्रसाद दाहालले सभाको उपाध्यक्षमा एमाले सांसद घिमिरे निर्वाचित भएको घोषणा गरे ।



घिमिरे सत्ता गठबन्धनबाट साझा उम्मेदवार बनेकी थिइन् । उनलाई नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टीलगायतका दल सम्मिलित सत्ता गठबन्धनको समर्थन रहेको थियो ।सभामा उपस्थित ५५ मतमध्ये घिमिरेका पक्षमा ३९ मत परेको छ । अध्यक्ष दाहालले नवनिर्वाचित उपाध्यक्ष घिमिरेलाई बधाई दिँदै कार्यकालको पूर्ण सफलताको कामनासमेत गरे। गत चैत्र १५ गते तत्कालीन उपाध्यक्ष उर्मिला अर्यालले पदबाट राजीनामा दिएपछि सो पद रिक्त भएको थियो ।

## सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नलका लागि बजेट माग

- लक्ष्मी उप्रेती

मेचीनगर । मेचीनगर नगरपालिकाले 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' स्थापना गर्नका लागि संघीय सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसंग बजेट माग गरेको छ । 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' स्थापना गर्नका लागि आगामी आर्थिक वर्ष २०८१/८२ मा आवश्यक बजेट विनियोजनका लागि प्रस्ताव पेश गरिएको हो ।




बुधबार सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई नगरपालिकाका तर्फबाट उपप्रमुख मीना पोखरेल उप्रेतीले प्रस्तावपत्र पेश गरेको उनको सचिवालयले जनाएको छ । उपप्रमुख उप्रेतीले मन्त्री शर्मालाई बुझाएको प्रस्तावपत्रमा भवन फर्निसिङ तथा डेकोरेशन, कम्प्यूटर सर्भर, सफ्टवेयर, तथा हार्डवेयर प्रविधि खरिद तथा जडान, इलेक्ट्रोनिक्स व्यवस्थापन र मानव स्रोत पर्सन व्यवस्थापन कार्यका लागि तीन करोड रुपैयाँको बजेट प्रस्ताव गरिएको नगरपालिकाका सूचना प्रविधि शाखा प्रमुख अशोक भेट्वालले जानकारी दिए ।

मेचीनगर नगरपालिकामा सञ्चालन हुने 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' मा मेचीनगर नगरपालिकालगायत अन्य सबै पालिका, समग्रमा देशव्यापीरुपमा संख्या निर्धारण गरी सो क्षेत्रमा क्षमता विकास गर्न चाहने सबै नागरिकलाई 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' मा आवद्ध गराईने छ । नेपाल साथै विश्व बजारमा सफ्टवेयर प्रणालीको माग अत्यधिक रहेको भएपनि उक्त मागलाई परिपूर्ति गर्न सफ्टवेयर डेपलपर तथा सफ्टवेयर इञ्जिनियरहरु अत्यन्तै न्यून रहेको अवस्थामा मेचीनगर नगरपालिकामा 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' भौतिकरुपमा स्थापना गरी सो क्षेत्रमा आवद्ध हुने जनशक्तिलाई क्षमता विकास गरी सफ्टवेयर निर्माण तथा खोज कार्यमा संलग्न गराईने नगर उपप्रमुख उप्रेतीले बताइन् । उक्त 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' मार्फत मेचीनगर नगरपालिकालगायत देशभरिका करीब २५ हजारभन्दा बढी मानव स्रोतलाई सफ्टवेयर विकासको क्षेत्रमा आवद्ध गराई गुणस्तरीय सफ्टवेयर प्रणाली विकास साथै क्षमतावान मानव स्रोत उत्पादन गर्ने उद्धेश्यले 'सफ्टवेयर डेभलपमेन्ट तथा खोज कर्नल' स्थापना गर्ने लक्ष्यका साथ नगरपालिकाले मन्त्री शर्मासँग प्रस्ताव पेश गरेको हो ।

सूचना प्रविधि अपरिहार्य भएको भन्दै नगर उपप्रमुख उप्रेतीले यस क्षेत्रमा सरकारी तवरबाट नै लगानी बढाएर पर्याप्त क्षमतावान जनशक्ति उत्पादन गरी सफ्टवेयर प्रणालीमा देश मजवुत हुने र बाहिरी राष्ट्रमा समेत सफ्टवेयर प्रणालीको क्षेत्रमा सेवा प्रदान गरी देशमा आर्थिक उन्नयन हुने विश्वास व्यक्त गरिन् । नगरपालिकाको प्रस्तावनापत्र ग्रहण गर्दै यसलाई सकारात्मक रुपमा लिएको विचार मन्त्री शर्माले राखिन् । नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले हस्ताक्षर गरेको प्रस्तावनापत्र ग्रहण गर्दै मन्त्री शर्माले नेपाल सरकार तथा आफ्नो मन्त्रालयबाट सबै खाले साथ सहयोग रहने प्रतिवद्धता व्यक्त गरिन् ।

## हल्दिवारीमा वार्षिक २० करोड ५५ लाख सामाजिक सुरक्षा वितरण

भद्रपुर(प्रस) । सेवा प्रवाहमा देशकै उत्कृष्ट पालिका बन्न सफल हल्दिवारी गाउँपालिकामा वाार्षिक २० करोड ५५ लाख रकम वितरण हुने गरेको छ । राज्यले तय गरेको नीति अनुसार ८ वटा क्लस्टरमार्फत २०४६ पुरूष र २७५५ जना महिला गरी ४८०१ जनाले सामाजिक सुरक्षा भत्तावापत २० करोड ५५ लाख रकम लिने गरेका हुन् । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वनका अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को चैतसम्म सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या ४ हजार ८ सय १ पुगेको छ । यो संख्या हरेक वर्ष बढदै गएको गाउँपालिकाको विवरणले देखाउँछ ।

गाउँपालिकाका ५ वटा वडाबाट पहिचान गरेर पठाएका जेष्ठ नागरिक ,जेष्ठ दलित, एकल महिला, विधवा महिला, पूर्ण अपांगता, अति अशक्त र अपांग, दलित बालबालिका र लोपोन्मुख समुदायलाई नेपाल सरकारले तोके बमोजिमको सामाजिक सुरक्षा भत्ता पालिकाले प्रत्येक ३/३ महिनामा बैकमार्फत सम्बन्धित व्यक्तिकै खातामा पठाइदिने गरेको प्रमुख प्रशासकीय अधिकृत वनले जानकारी दिए ।

पालिकाले उपलब्ध गराएको विवरण अनुसार ११६८ पुरुष र १२०५ महिला गरि २३७३ जना जेष्ठ नागरिकले मासिक ४ हजारका दरले जेष्ठ नागरिक भत्ता पाउने गरेका छन् । त्यसैगरी २६३ एकल महिला र ४४८ विधवा महिलालाई मासिक २६६० का दरले भत्ता उपलब्ध गराउदै आएको छ भने ९३ जना पूर्ण अपांगता भएका ५३ पुरुष र ४० महिलाले मासिक ३९९० का दरले अपांगता भत्ता प्राप्त गरिरहेका छन् । त्यस्तै अति अशक्त अपांगता भएका ९० पुरुष र ६३ महिलाले मासिक २१२८, दलित बालबालिका ५१ पुरुष र ४३ महिलाले मासिक ५३२ र लोपोन्मुख जातिका ६५४ पुरुष र ६६० महिलाले मासिक ३९९० रुपैयाँ का दरले सामाजिक सुरक्षा भत्ता लिने गरेको गाउँपालिकाले जनाएको छ ।

सामाजिक सुरक्षाका लागि गाउँपालिकामा वार्षिक सामाजिक सुरक्षा भत्ता मार्फत २० करोड ५५ लाख २४ हजार २ सय ३९ रुपैयाँ खर्च हुने गरेको छ । पालिकाका अधिकृत राजन न्यौपाने पारदर्शी र जनमैत्री सेवा प्रवाहमा हल्दिवारी गाउँपालिकाले प्रतिबद्ध भएर लागेकै कारण उत्कृष्ट पालिका बन्न सफल भएको बताउँछन् । उनका अनुसार पालिकाका बासिन्दा सेवा लिन आउँदा कर्मचारी प्रशासनसित असन्तुष्ट हुनु नपर्ने गरी सेवा प्रवाह भइरहेको छ ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# टोल स्तरीय फुटवलको उपाधि गैरीगाउँलाई




बिर्तामोड(प्रस) । वडा खेलकूद विकास समिति बिर्तामोड १ को आयोजनामा भएको प्रथम वडाध्यक्ष अण्डर १४ टोल स्तरीय नकआउट फुटवल प्रतियोगिताको उपाधि गैरीगाउँ टोल विकास संस्थाले जितेको छ ।

ग्रिनफिल्ड स्कुलको मैदानमा मंगलवार भएको फाईनल खेलमा पञ्चकन्या टोल विकास संस्थालाई २-१ ले हराउँदै गैरीगाउँले उपाधि जितेको हो ।

प्रतियोगिताको विजेता गैरीगाउँले नगद २१ हजार १ सय ११ रुपैयाँसहित मेडल, ट्रफी हात पारेको छ । यस्तै प्रतियोगिताको उपविजेता पञ्चकन्याले नगद ११ हजार १ सय ११ रुपैयाँ मेडल र ट्रफी प्राप्त गरेको छ ।

यसैगरी प्रतियोगिताको उत्कृष्ट गोलकर्ता पञ्चकन्याका अभियान ढुंगेल र उत्कृष्ट गोलकिप्परमा गैरीगाउँका सुनिल यादवले ट्रफी प्राप्त गरे । यस्तै गैरीगाउँका अंकुश खड्का फाइनल खेलको म्यान अफ द म्याच भए । विजेताहरुलाई कार्यक्रमका प्रमुख अतिथि वडा नम्बर १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले पुरस्कार प्रदान गरे ।

प्रतियोगिताको पहिलो पुरस्कार बैदेशिक रोजगार संघ झापा र दोस्रो पुरस्कार क्रियटिभ इन्टरनेश्नल एकाडेमीका संस्थापक एजाज अहमद अन्सारीले प्रायोजन गरेका थिए ।

चैत्र २६ गतेदेखि सुरु भएको यस प्रतियोगितामा १० वटा टोल विकास संस्थाहरुको सहभागिता रहेको थियो ।वडा खेलकूद विकास समितिका अध्यक्ष केशब पोखेलले यस प्रतियोगितालाई आगामी वर्षहरुमा पनि निरन्तरता दिने जानकारी दिए ।

# इलाम-२ मा कसले जित्ला ?

झापा(प्रस)।वैशाख १५ मा इलाम-२ मा हुन लागेको उपनिर्वाचनमा २० जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् । चुनाव चिह्नसमेत प्राप्त गरिसकेपछि अब इलाममा खास चुवानी प्रचार सुरु भइसकेको छ। एक मात्र क्षेत्रमा चुनाव हुन लागेपनि मुलुकभरका राजनीतिक सरोकारवालाहरूको ध्यान भने इलाम-२ तर्फ खिचिन थालिसकेको छ । किनभने यो उपचुनाव पुराना र नयाँ दलहरूको शक्ति परीक्षणको प्रयोगशाला बन्दैछ । परम्परागत दलहरुप्रतिको बढ्दो अविश्वासको बीचबाट उदय भएको राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत विगतदेखि नै त्यहाँ जीत हासिल गर्दै आएको एमाले र निकट प्रतिस्पर्धी रहेको कांग्रेससँग प्रतिस्पर्धा गर्नका लागि तीव्र प्रचारसहित चुनावमा होमिएका छन् ।

२०७९ को प्रतिनिधि सभा चुनावमा पार्टी स्थापनाको ६ महिनामै २० सिट हासिल गरेको रास्वपाले तनहुँको चुनावबाट एक सिट थप्यो। अब इलामबाट थप अर्को संख्या बढाउने ध्याउन्नमा छ। त्यसैले नयाँ शक्तिको रुपमा उदाएको पार्टीको उम्मेदवारीले इलामको चुनाव रोचक बन्दैछ ।

यो प्रतिस्पर्धामा कोशीमा चलिरहेको पहिचानको आन्दोलनको एजेण्डा बोकेर जनमत पार्टीका उम्मेदवार मैदानमा उत्रिएका छन् । इलाम-२ मा जितको विरासत भएको एमाले र निकटतम प्रतिस्पर्धीको हैसियतमा रहेको कांग्रेस पनि जितको लक्ष्यसहित प्रतिस्पर्धामा छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टीले साझा उम्मेदवारका रूपमा एमालेका सुहाङ नेम्वाङलाई मैदानमा ल्याएका छन् । नेपाली कांग्रेसबाट डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मिलनकुमार लिम्बू तथा पहिचान पक्षधरतर्फबाट डकेन्द्रसिंह थेगिमले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

जनमत पार्टीका प्रेमबहादुर लिम्बू, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जी, मंगोल नेसनल अर्गनाइजेसनका मनीबहादुर लिम्बू, नेसनल रिपब्लिक नेपालका धनराज रानामगर, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)बाट जितबहादुर राई उम्मेदवार बनेका छन् ।राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम साह, राप्रपा नेपालका गणेशबहादुर चौहान, नेपाली जनता दलका रेशमबहादुर सुनार नेपालीले उम्मेदवारी दर्ता गराए । स्वतन्त्रबाट डाकप्रसाद गौतम, मनोज निरौला, अर्जुनकुमार साही, केशवकुमार चापागाईँ, दीपेश बोहोरा, योगेन्द्र गुरुङ र राज बस्यालको उम्मेदवारी छ ।

विगतको चुनावी परिणामहरूलाई नियाल्ने हो भने इलाम-२ जितका लागि कुनै पनि दलका निम्ती सहज छैन ।पहिलो र दोस्रो संविधानसभा निर्वाचन र त्यसपछिका दुई प्रतिनिधिसभाका निर्वाचनमा मुख्य दलहरुले ल्याएको परिणामहरु नियाल्दा त्यहाँको मतमा उतारचढाव देखिन्छ। अहिले मुख्य प्रतिस्पर्धामा रहेका दलहरु नेकपा एमाले र नेपाली कांग्रेस तुलनात्मक रुपमा नयाँ दलहरूको भन्दा धेरै प्रश्नका घेरामा छन् ।

कांग्रेस पार्टीले उम्मेदवार छनौट गर्दा भोगेको सकस र केन्द्रसम्मै त्यसले निर्माण गरेको विवादको अर्न्तयमा ईलाम कांग्रेसभित्रको पेचिलो शक्ति संघर्ष छ भन्ने बुझ्न कठिन छैन । पार्टीभित्रकै जग खलबलिएको अवस्थामा कांग्रेस उम्मेदवार डम्बर खड्काका लागि त्यो चिर्नुपर्ने चुनौती छ। संविधासभा अध्यक्ष र सालिन नेताको परिचय बनाएका एमाले नेता सुवास नेम्बाङको मृत्युपछि हुन लागेको उपनिर्वानमा उनकै छोरा सुहाङ बाबुको सपना पछ्याउँदै चुनावी प्रतिस्पर्धामा छन् । सुहाङमाथि पारिवारिक विरासतका आधारमा उम्मेदवार भएको आरोप मात्रै लागेको छैन, जिल्लाभित्र दसकौंदेखि राजनीति गरिरहेकाहरु किन प्रतिस्पर्धाबाट बेदखल हुनुपर्यो भन्ने प्रश्नको उत्तर पनि खोजी भईरहेको छ । यी दुवै प्रश्न र आरोपहरुको उत्तर सुहाङकले कति संयमतापूर्वक दिन्छन् भन्नेले उनले प्राप्त गर्ने मतपरिणाम फरक पर्नसक्छ । यो निर्वाचन क्षेत्रमा माओवादीको आकार कस्तो छ भन्ने प्रश्न नै सबैभन्दा महत्त्वपूर्ण देखिन्छ। किनकी पहिलो र दोस्रो संविधानसभापछि माओवादी गठबन्धनको छाता ओडेर चुनाव लडिरहेकाले यो क्षेत्रमा पछिल्ला दुई निर्वाचनमा माओवादीले आफ्नो उम्मेदवार नै उठाएको छैन । पहिलो संविधानसभा निर्वाचनमा झण्डै दस हजार मत ल्याएको माओवादीले दोस्रो संविधानसभामा आधाभन्दा कम अर्थात ५ हजार मत पनि नपुऱ्याएको तितो विगत छ। यही दुई निर्वाचनका आधारमा यहाँ माओवादीको हैसियत कत्रो छ भनेर अनुमानसम्म गर्न सकिन्छ । माओवादीले अहिले एमाले उम्मेदवारलाई सघाएको छ। मूलधारका दलहरुको असन्तुष्टी र आक्रोशबाट जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टीले अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा यस क्षेत्रबाट १३ सय ८० मत पाएर तेस्रो भएको थियो । कांग्रेस र एमाले पाएको मतसँग तुलना गर्ने हो भने त यो मत निकै कम हो। तर तनहुँ क्षेत्र नम्बर १ मा भएको उपनिर्वाचनको परिणामलाई उदारहण लिने हो भने त्यो परिणामलाई कम आँक्न मिल्दैन ।

तनहुँमा रामचन्द्र पौडेलले २५ हजार ३ सय ३१ मत ल्याएर निर्वाचित भएका बेला रास्वपा उम्मेदवार विकास सिग्देलले ६ हजार ४४ मत ल्याएर चौथो भएका थिए । पौडेल राष्ट्रपति भएपछि त्यहाँ भएको उपनिर्वाचनमा रास्वपाका स्वर्णिम वाग्लेले कांग्रेस उम्मेदवार गोविन्द भट्टराईले भन्दा १४ हजार ७ सय मत बढी ल्याएर निर्वाचित भएका थिए ।इलाम क्षेत्र नम्बर २ मा इलाम नगरपालिका, देउमाई नगरपालिकासँगै माङ्सेबुङ फाकफोकथुम, चुलाचुलीका पुरै तथा माई नगरपालिकाको को ६, ७, ८ नम्बर वडा समेटिएका छन् । गएको स्थानीय तह चुनावमा देउमाईको मेयरसहित फाकफोकथुम र माङ्सेबुङको अध्यक्ष एमालेले र इलाम नगरपालिकाको मेयर र चुलाचुली गाउँपालिका अध्यक्ष कांग्रेसले जितेको थियो । २०४९ सालको स्थानीय निर्वाचनपछि पहिलोपटक इलाम नगरपालिकामा कांग्रेसले जितेपछि एमालेले धक्का महशुस गरिरहेको छ । यो धक्का यसपालीको चुनावमा एमालेमाथी कसरी प्रकट हुन्छ भन्ने चाहिँ यसै भन्न सकिन्न। किनकी स्थानीय तहको चुनावयता माईखोलामा धेरै पानी बगिसक्या छ । स्थानीय चुनावमा वडाध्यक्षले पाएको मतलाई आधार मान्ने हो भने इलाम-२ मा कांग्रेसले एमालेभन्दा चार सयभन्दा बढी मत ल्याएको देखिन्छ। कांग्रेसले ३२ हजार ९ सय ७८ मत पाउँदा एमालेले ३२ हजार ५ सय २७ पाएको थियो। माओवादीले २ हजार ७ सय १७, जसपाले ५ सय ५४, एकीकृत समाजवादीले २ सय ७७ र राप्रपाले १ सय ३० मत पाएका थिए। चुनौती भोगिरहेको एमालेले माओवादीको साथमा मात्रै चुनाव जित्छ कि, देशैभरका मूलधारका दलहरुप्रतिको बढ्दो बितृष्णाबाट प्राप्त मत यसपाली पनि रास्वपाले पाएर चुनावी धक्का दिन्छ यसै भन्न सकिन्न । विपक्षमा बसेर संसद्मा पेचिलो प्रश्न गरेकै आधारमा कांग्रेसको मतभार बढछ की, कांग्रेस सरकारमा बस्दा गरेका कामहरुको हिसाबकिताब खोजीले उसको मतभारमा असर पार्छ भनेर हेर्न बाँकी छ। अनि सहकारी विवादको चंगुलमा परेर यसैको प्रतिरक्षामा सारा समय खर्चिरहेको रास्वपाको हैसियत बुझाउन पनि यो निर्वाचन एउटा प्रयोग हुनेछ ।

# ओमकृष्ण बिमली चेम्बरको केन्द्रीय सदस्य निर्वाचित




झापा(प्रस)। नेपाल चेम्बर अफ कमर्श झापालाई उत्कृष्ट बनाउन सफल ओमकृष्ण बिमली संस्थाको केन्द्रीय सदस्यमा सर्वसम्मत निर्वाचित भएका छन् । नेपाल चेम्बर अफ कमर्शको ७३औं साधारण सभाबाट नेपाल अलैँची व्यवसायी महासंघका सल्लाहकारसमेत रहेका बिर्तामोड ५ निवासी समाजसेवी बिमली केन्द्रीय सदस्य चयन भएका हुन् । साधारण सभाबाट नेपाल चेम्बर अफ कमर्शको अध्यक्षमा कमलेशकुमार अग्रवाल निर्वाचित भएका छन् । विधान अनुसार चेम्बरको ७३ औं साधारणसभाबाट निर्वाचित कार्यसमितिले अग्रवाललाई अध्यक्षमा चयन गरेको हो । अग्रवाल यसअघि चेम्बरको वरिष्ठ उपाध्यक्ष थिए ।

यसैगरी वरिष्ठ उपाध्यक्षमा दीपक मलहोत्रा निर्वाचित भएका छन् भने उपाध्यक्षहरुमा वाणिज्यतर्फ उर्मिला श्रेष्ठ, उद्योगतर्फ दीपक श्रेष्ठ, जिल्लानगरतर्फ सन्तोषकुमार पाण्डे, वस्तुगततर्फ सुरेन्द्रकुमार श्रेष्ठ, संस्थागत द्विराष्ट्रियबाट निलकण्ठ चौलागाईं र मानार्थ उपाध्यक्षमा अर्जुनप्रसाद शर्मा निर्वाचित भएका छन् । यसैगरी प्रदेश अध्यक्षहरुमा कोशीबाट सुरेशमान श्रेष्ठ, मधेशबाट अमरनाथ गुप्ता, बागमतीबाट सिद्धिलाल श्रेष्ठ, गण्डकीबाट किसान सुनार, लुम्बिनीबाट टंकप्रसाद पोखरेल, कर्णालीबाट लक्ष्मण न्यौपाने र सुदुरपश्चिमबाट विनोद मल्ल सर्वसम्मत रुपमा चयन भएका छन् ।

यसैगरी चेम्बर नयाँ कार्यसमितिले सदस्यहरुमा लीमा अधिकारी, नयन बहादुर खत्री र सुशान कर्माचार्यलाई सदस्यमा मनोनित गरेको छ ।

चेम्बरको विधान अनुसार विभिन्न क्षेत्रअन्तर्गत सदस्यहरु सर्वसम्मत निर्वाचित भएका छन् ।साधारण सभाबाट नेपाल चेम्बर अफ कमर्श झापालाई उत्कृष्ट जिल्लाको रुपमा सम्मानित गरिएको थियो । चेम्बरको संगठन विस्तार तथा जिल्ला चेम्बरको गतिविधिलाई उत्कृष्ट बनाउन उल्लेखनीय भूमिका खेलेको भन्दै नेपाल चेम्बर अफ कमर्श झापाका अध्यक्ष बिमलीलाई दोसल्ला र सम्मानपत्रले सम्मानित गरिएको थियो ।

# दमकको आगलागीबाट अढाई करोडको क्षति



झापा(प्रस)। झापाको दमकमा भएको आगलागीबाट २ करोड ४८ लाख ३० हजार बराबरको क्षति भएको छ । प्रहरीको प्रारम्भिक विवरणले सो क्षति देखाएको हो । मंगलवार साँझ अन्दाजी ७.२५ बजेको समयमा दमक नगरपालिका वडा न.५ लाईफलाईन अस्पताल छेउमा बस्ने प्रेम धिमालले घरमा संचालन गरेको स्नेहा होटल इन्भर्टरको लाईन सर्ट भई अचानक आगलागी भएको थियो ।

आगलागीबाट धिमालको काठ , टिनको बेरा र टिनकै छानो भएको एकतले घर, घरमा रहेको सुन ३५ तोला, लत्ताकपडा, भाँडावर्तन, खाटपात, फर्निचर, फ्रिज २ वटा, ईन्भर्टर थान-१, नगद रु.४ लाखसमेत गरी अन्दाजी ७९ लाख ९०हजार बराबरको क्षति भएको छ ।त्यस्तै रामवती भुजेलको पक्की वाल र टिनको छानो भएको एकतले घरमा आंशिक रुपमा क्षति हुँदा अन्दाजी ५ लाख बराबरको क्षति भएको छ । त्यस्ते हल्दीबारी गाउँपालिका वडा न.५ घर भई हाल दमक ५ मा रुवि होटल संचालन गरिरहेका मेखबहादुर तामाङको टिनको छानो, टिन र तारको जालीको बेरा भएको एकतले घर , भाडाबर्तन, लत्ताकपडा, फर्निचर, चामल, दाल,पेय पदार्थ, ल्यापटप थान-१, सुन १२ आना, होटलमा रहेको अन्य सरसमानसमेत गरी अन्दाजी १३ लाख ४०हजार बराबरको क्षति भएको छ ।

आगलागीबाट सोही ठाउँमा रहेको लाईफलाईन अस्पतालको डाईलोसिस वार्डको झ्यालबाट आगो पसी ६ वटा डाईलोसिस मेसिन, ३ वटा एसी एउटा सीसी क्यामेरा , मेडिकल उपकरण गरी जम्मा १ करोड ५० लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उक्त आगलागी दमक नगरपालिकाको २ वटा , कमल गाउँपालिका, गौरादह नगरपालिका, पथरी शनिश्चरे नगरपालिका र उर्लाबारी नगरपालिकाको १-१ वटा गरी जम्मा ६ वटा दमकल, इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायब उपरीक्षकको कमाण्डमा २० जना र सशस्त्र प्रहरी गण पाडाजुंगीबाट सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डमा २५ जनाको टोली तथा स्थानीयहरुको सहयोगमा राति ८.२५ बजे पूर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

## जलवायु...

प्रभावित र अतिसंवेदनशील क्षेत्रका समुदाय वा बासिन्दाको हक, हित, व्यवसाय र बसोबासको संरक्षणका लागि जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रम लागू गरिने भनिएको छ ।

मस्यौदामा कार्बन लक्ष्य निर्धारण तथा कार्बन व्यापार योजनाबारे पनि उल्लेख छ । सन् २०५० सम्म खुद कार्बन लक्ष्य, कार्बन लक्ष्य निर्धारण सम्बन्धमा नेपालले कुनै अन्तर्राष्ट्रिय दायित्व स्वीकार गरे तथा कार्बन न्यूनीकरणको समग्र लक्ष्य, कार्यान्वयनको आधार वर्ष र सो पश्चात् प्रत्येक वर्ष न्यूनीकरण गरिने कार्बनको उत्सर्जनको अनुपात हेर्नुपर्ने पनि मस्यौदामा भनिएको छ ।

यस्तै, मस्यौदामा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजना, प्रदेशस्तरीय जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजना, स्थानीय जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजना, जलवायु परिवर्तन योजनाको कार्यान्वयन, जलवायु परिवर्तनसम्बन्धी जानकारी, भौतिक पूर्वाधारको सुरक्षा तथा लगानी संरक्षण तथा अन्तर्राष्ट्रिय सहयोग र सहकार्यबारे उल्लेख छ ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. बुद्धिसागर पौडेलले मस्यौदामाथि कानुन आयोगले छलफल गरिरहे पनि मन्त्रालयलाई मस्यौदा प्राप्त भइनसकेको बताए ।












# बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# धार्मिक सहिष्णुता

इस्लाम धर्मावलम्बीहरुले महान पर्व 'ईदउत्रफित्र' आज मनाउँदैछन् । आज सरकारले सार्वजनिक बिदा दिएको छ।इस्लाम धर्मावलम्वीहरुले रमजान महिनाको ३० दिनको 'रोजा' व्रत बुधवार पूरा गरी आज 'ईदउत्रफित्र' मनाउँदै छन् । केही मुस्लिमले 'ईदउलफित्र'को नमाज मस्जिदमा त केहीले 'इदगाह'मा सामूहिक भेला भइ दुई रिकात नमाज पढेर सम्पन्न गर्छन्।नमाज पूरा गरेपछि एकअर्कालाई अक्तमाल गरेर बधाई साटासाट गर्छन् भने घरमा विभित्र परिकार पकाएर खाने गर्दछन्। रमजान महिना उर्दू पात्रोको अनुसार नवौं महिना हो।

यो पर्वको ७०औं दिनमा बकरिद अर्थात 'ईदउलअजहा' पर्व मनाउने गर्दछन्। यस अवसरमा मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्दछन्। नेपाली समाजमा अहिले धार्मिकरुपमा विभिन्न किसिमबाट भ्रमित र नकारात्मक संदेशहरु प्रवाहित हुने क्रममा तिव्रता आएको पाईन्छ । केही दिनअघि सुनसरीमा दुई समुदायबीच हिंसा भड्किएको थियो । प्रहरी प्रशासनले त्यहाँको पाँच पालिकामा कर्फ्यु लगाउनु पर्यो । परिस्थिति अहिले सामान्य बनेको छ । धर्मको आडमा राजनीति र समाजसेवा गर्नेहरुको लर्को नै देखिन्छ । अझै सामाजिक संजालहरुमा धार्मिक पेज र ग्रुप खोल्नेहरु पनि प्रशस्त पाईन्छन् । सबै खाले धर्मका नाममा भ्रम र झुट फैलाएर आफ्नो स्वार्थ र अभिष्ठ पुरा गर्नेको संख्या योजनाबद्ध वा यसै हल्लै–हल्लामा दिन प्रतिदिन बढ्दै जानु त्यति शुभ संकेत पक्कै हैन ।

समाजमा आपसमा धार्मिक सहिष्णुता र सद्भावको विकास हुनु पर्छ भन्ने मान्यता सँधै –सँधै रहिरहेको छ । तर आज समाजमा एक धर्मले अर्को धर्मलाई होच्याउने र आपसमा अपवाह फैलाएर मानिसहरुलाई मानसिकरुपमा "सेन्टिमेन्टल ब्लाकमेलिङ " गरिरहेको जस्तो आभास सहजै अनुमान गर्न सकिन्छ ।

नेपाल परम्परागतरुपमा सनातन हिन्दु धर्ममा बिश्वास राख्ने मुलुक भएपनि पछिल्लो समयमा आएपछि विगतमा राज्यले काखी च्याप्दै आएको धर्मलाई मात्रै प्रशय नदिई संविधानत धर्म निरपेक्षता कायम गरेको छ । संसारमा जे जति धर्म र संस्कार चलिआएका छन्, तिनीहरु मानव हितको लागि लक्षित हुनु पर्छ न की कपोकल्पित, अन्धविश्वास र रुढीवादीतर्फ । यसैले अप्ठ्यारो र समस्यामा परेकालाई आफूसक्दो सहयोग गरौं । त्यही नै मानव धर्म र संसारमा उत्कृष्ट परोपकार हो । धर्मले मनहरु तोड्ने हैन, सबैको मनहरुलाई एकआपसमा जोड्ने हुनुपर्दछ । धार्मिक अबिश्वास समाजमा पैदा गरेर एक अर्काको धर्महरुलाई होच्याएर र जवर्जस्ती धर्म परिवर्तन गरेर समाजमा सदियौंदेखि रहँदै आएको धार्मिक आस्था र आपसी मेलमिलापको भावनामा ठेस नपुर्याऔं ।




# निजामतीमा निहित राजनीति



• पुण्यप्रसाद भट्टराई

राजनीति र प्रशासन एउटै उद्देश्य लिएर फरक लिकमा हिँड्ने क्षेत्र हुन् । विड्रो विल्सनले सन् १८८७ तिर यिनीहरूबिच हुनुपर्ने सीमारेखालाई चमक ल्याउने कोसिस गरे । उनको 'दी स्टडी अफ एडमिनिस्ट्रेसन' पुस्तकले शासकीय विधि र उपागमलाई वैज्ञानिक र अर्थपूर्ण बनाउने मार्ग प्रशस्त गर्‍यो । राजनीतिक भावनालाई संज्ञानको प्रविधिले कानुनको सीमाभित्र रहेर कार्यान्वयन गर्न यी दुई विधाका बिचमा सैद्धान्तिक र कार्यविधिगत फरक तकनिकी रहन्छ । यसलाई 'डाइकोटोमी' पनि भन्ने गरिएको छ ।

समाजमा एउटै धाराको पानी खाएर हुर्किएका व्यक्तिबिच राजनीति र प्रशासनमा फरक विधाको अवलम्बनमा अभिसरण (कन्भर्जेन्स) रहनु ठुलो कुरा भएन । यी दुई औपचारिक पक्षबिच फरक मूल्यका कारण कानुनी र नैतिकताको बलमा फरक कर्म अवलम्बन गरी जनसुख र राष्ट्र संरक्षणको एकल लक्ष्य पूरा गर्ने जिम्मेवारी रहन्छ । यसबिचमा समन्वय, उत्तरदायित्व, जवाफदेहिता, मूल्य तटस्थता जस्ता पक्षहरूले यिनीहरूबिचको सम्बन्धलाई जिउँदो राख्छ ।

नेपालको प्रशासनमा राजनीति भयो भन्ने भाष्य लामो समयदेखि सुनिँदै आएको हो । यसका असर पनि प्रस्ट देखिने गरी छरपस्ट छन् । सिद्धान्त प्रशासन तटस्थ र 'डे अफ दी गभरमेन्ट' हुनै पर्छ । तथापि हरेक विद्यालय र विश्वविद्यालयमा भएको पार्टी राजनीतिले त्यहीँबाट अध्ययन गरी सार्वजनिक प्रशासन/निजामती सेवामा जाने व्यक्तिहरू राजनीतिको मोहभन्दा टाढा हुन सकेनन् । अर्को कुरा राजनीति समाजमा सहजै शक्ति हात पार्न सक्ने 'रेफरेन्स' समूहका रूपमा रह्यो ।

सरकारी सेवाको मियोका रूपमा रहेको निजामती सेवामा ट्रेड युनियनका रूपमा फसेको राजनीतिकरण कहिलेकाहीँ बहसको विषय बने पनि त्यत्तिकै सेलाएर जान्छ । निजामती सेवा ऐनको मस्यौदा गर्दा पनि यसको निकै चर्चा भयो तर त्यो बिलाएर गयो वा आउँदै गरेको मस्यौदामा ट्रेड युनियन प्रावधानले डेरा जमाइछाड्यो । राजनीतिक वृत्तले पनि सार्वजनिक खपतका लागि निजामतीमो ट्रेड युनियनको प्रावधान हटाउनु पर्छ भन्ने लाइनमा भाषण गरे पनि यथार्थमा यो हुन सकेको छैन ।

आइएलो अभिसन्धिको धारा ८७ तथा १५१ र नेपालको संविधानको मौलिक हकका प्रावधान अनुसार निजामती सेवा र अन्य सरकारी सेवामा कर्मचारी युनियन रहन सक्ने मार्ग दर्शन स्पष्ट छ । सन्धिलाई कानुन नै मान्ने वा नमान्ने विषयमा नेपालको कानुन स्पष्ट नभए पनि यो विषयले शासन सञ्चालकलाई असर गर्ने भएकाले ट्रेड युनियनको प्रावधान सरकारी प्रशासनिक कानुनबाट अलग्याउने कार्य त्यति सहज छैन ।

यद्यपि हालसम्म निजामती सेवा राजनीतिबाट तटस्थ हुनु पर्छ भन्ने बहस निरर्थक नै देखिन्छ । सोझो दोष ट्रेड युनियनलाई लगाए पनि नीतिगत पक्षहरूमा विचरण गर्नुपर्ने उच्च पदस्थले नै यसको प्रत्यक्ष वा परोक्ष रूपमा फाइदा लिइरहेको देखिन्छ । यसै कारण निजामती सेवा र अन्य सरकारी सेवाभित्र विभिन्न राजनीतिक पक्षधरहरूको संलग्नता देखिएको हो ।

प्रशासनमा राजनीतिकरणले धेरै नकारात्मक प्रभाव छाडेको प्रस्ट छ । यसको पूर्वाधार र प्रभावमा केही विचलन र दुबिधाहरू छन् । प्रथमतः सैद्धान्तिक विचलनको अवस्था हेरौँ । कर्मचारीतन्त्र राजनीति तटस्थ हुनु पर्छ भनेर भनिएको छ र विद्यमान प्रशासनिक कानुनले त्यसलाई स्वीकारेको छ । निजामती सेवा ऐन, अन्य सेवासर्तका ऐनहरू, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनहरूमा यी विषय प्रस्ट छन् तर के त्यसलाई डिफ्याक्टो अवस्थामा स्वीकारिएको छ ? राजनीतिज्ञ आफैँ हिजो कर्मचारीले गरेको आन्दोलनलाई स्वीकृति दिएर धाप मार्दै किन हिँड्छन् ? त्यसै गरी ट्रेड युनियनको सैद्धान्तिक पक्ष हेर्दा यो सरकार, निजी क्षेत्र र कामदार हरूको त्रिपक्षीय समझदारीगत संयन्त्र हो तर सरकारकै मुनि बसेका कर्मचारीले ट्रेड युनियनमा सरिक हुन पाउँछ त ? मौजुदा संविधान र कानुनले नै पाउँछ भनेपछि कर्मचारीतन्त्रभित्र बनेका ट्रेड युनियनहरू राजनीति तटस्थ हुन्छन् भनेर विश्वास गर्न सकिन्छ ? कानुनमा भनिएजस्तो एकल ट्रेड युनियन भने पनि के ती राजनीतिबाट टाढा भएर बस्लान् त ? प्रशासनविद् फ्रेड रिग्सले 'इकोलोजी अफ एड्मिनिस्ट्रेसन' भन्ने पुस्तकको निचोड हेर्ने हो भने हाम्रो जस्तो सामाजिक पर्यावरण भएको समाजमा बन्ने निजामतीका संस्था राजनीतिक डिलेमाबाट टाढा होलान् त ?

सैद्धान्तिक रूपमै राजनीति र प्रशासन फरक क्षेत्र हुन् । उनीहरूको जन्म कुण्डली र जननी फरक धारबाट बन्छ । एउटै उद्देश्य र लक्ष्य भए पनि फरक जन्म कुण्डलीका कारण राजनीति र प्रशासनले आआफ्नो लिकमा हिँड्नै पर्छ । गाडी र रेलको लक्ष्य एउटै भए पनि यात्राको मार्ग फरक हुन्छ र साटफेर गर्न सकिँदैन । यस दृष्टिकोणबाट हेर्दा राजनीति र प्रशासनको फरक जिनको फरक ढङ्गबाट नै प्रयोग हुनै पर्छ । यसको मतलब हो, प्रशासन राजनीति शून्य हुनै पर्छ । सरकारी सेवाबाट ट्रेड युनियन अलग गर्न नसके पनि ट्रेड युनियनबाट राजनीति अलग गर्न भने सम्भव छ ।

वर्तमान निजामती सेवा कानुनमा राजनीति तटस्थताको आचरणगत प्रावधान राख्दै निजामती सेवा नियमावलीमा सेवाको सुरक्षा, वृत्तिपथका विषय र कार्य क्षेत्रको सुरक्षाका लागि ट्रेड युनियनको गतिविधि गर्ने भनी लेखिएको छ । यस आधारमा मात्र सङ्गठित हुने अधिकार आवश्यक हो । कार्यालय प्रमुख भएको बाहेकका शाखा अधिकृत र शाखा अधिकृतभन्दा मातहतका पदका कर्मचारी ट्रेड युनियनको सदस्य हुन पाउने प्रावधान छ । विडम्बना चाहिँ ट्रेड युनियनमा प्रवेश गर्न राखिएको रेखाभन्दा माथिका पदले पनि देखादेखी राजनीति गरिरहेका छन् । तथापि सार्वजनिक सेवाका कर्मचारीको ट्रेड युनियन राजनीतिलाई खेल्ने र प्रशासनलाई स्वार्थ पूरा गर्ने भऱ्याङ भने भएकै हो ।

निजामती सेवाको ट्रेड युनियनमा राजनीति रहिरहनाका दुई वटा मुख्य कारण छन् । प्रथम हो, राजनीतिक स्वार्थ । राजनीतिज्ञले प्रशासनिक क्षेत्रमा आफ्ना मानिसको व्यवस्थापन गर्ने तथा कार्यमा सहजीकरण गर्ने; आन्तरिक सूचना र संरक्षण प्राप्त गरिराख्ने । हरेक पटक भनिएको परिवर्तनकारी आन्दोलनमा प्रशासनको सहभागितालाई स्वीकार गर्नु गलत थियो र हालसम्म राजनीतिले यसलाई नबुझ्नु अर्को दुर्भाग्य भइरहेको छ । प्रशासन 'डे अफ गभर्नमेन्ट' नै हो ।

दोस्रो हो, कर्मचारीतन्त्रको व्यक्तिगत वा गुटगत स्वार्थ संरक्षण । माथि भनिएको आन्दोलनमा सहयोगको कृतज्ञतालाई प्रशासनले आफ्नो दुनो सोझ्याउने माध्यम बनाउन खोज्नु अन्यथा मान्न सकिन्न । खास गरी देशमा प्रणालीगत अस्थिरताले सार्वजनिक प्रशासनमा पूर्वानुमानसहितको वृत्ति र सामाजिक सुरक्षा प्रणाली नहुँदा कर्मचारीमा रहने भविष्यप्रतिको जोखिमको त्रासको व्यवस्थापन गर्न तथा सहज र लाभकारी कार्यालयमा काम गरिराख्ने मनसायले राजनीतिको फ्लेबर स्थायी बनेको हो । यसका साथै कार्य संस्कृति, सङ्गठनात्मक व्यवहार, आन्तरिक सुविधा वितरण तथा प्रोत्साहन प्रणालीमा नैतिक पूर्वाधारको अभाव हुँदा आफ्ना र चाकडीबाजहरूको संरक्षण हुने प्रवृत्ति मुख्य हुन् ।

उल्लिखित कारणलाई ख्याल गरी प्रशासनबाट राजनीतिलाई अलग गर्न भावी निजामती सेवा ऐनमा दुई प्रभावकारी प्रावधान राख्न जरुरी छ । प्रथम, अनुमानयोग्य वृत्तिसहितको सरुवा र बढुवा प्रणाली । सेवा प्रवेश गर्दा करार गरिएको सेवाका सर्त अनुसार अधिकतम माथिल्लो पदसम्म पुग्न आवश्यक पर्ने निश्चित योग्यता र अवधि पूर्वानुमानयोग्य हुन आवश्यक छ । जस्तै खरिदारमा प्रवेश गरेको व्यक्ति सन्तोषजनक कार्यसम्पादन गरेको खण्डमा अधिकतम कहाँसम्म पुग्ने हो प्रवेश गरेकै दिन निश्चित हुनु पर्छ । उसको वृत्तिपथलाई नैतिक ढङ्गबाट संरक्षण र कार्यान्वयन गर्न कार्यसम्पादन मूल्याङ्कनलाई हाकिमले मात्र नभई सहपाठी, आफ्ना मातहतका सबै कर्मचारी र सेवाग्राहीले मूल्याङ्कन गर्ने प्रणाली अवलम्बन गर्नु पर्छ । यसबाट कोही कसैप्रति पूर्वाग्राही हुने वा अति आशक्त हुने अवस्था रहँदैन । यसलाई ३६० डिग्री मूल्याङ्कन पनि भनिन्छ ।

यसै गरी माथिल्लो पदमा बढुवाका लागि प्रतिस्पर्धा गर्दा आवश्यक पर्ने पूर्वयोग्यतामा कानुन अनुसार वर्गीकरण गरिएका सबै भौगोलिक क्षेत्रमा अनिवार्य निश्चित समय कार्य गरेको हुनुपर्ने प्रावधान राख्नु पर्छ । यो सङ्घ, प्रदेश र स्थानीयको आआफ्नै हुन सक्छ । अन्तरिक प्रतिस्पर्धा वा ज्येष्ठता वा कार्यसम्पादन जस्ता सबै प्रकारका बढुवा प्रणालीमा यो अनिवार्य गरिनु पर्छ । यसका साथसाथै एक भौगोलिक क्षेत्रमा तोकिएको समय काम गरिसकेपछि अर्को भौगोलिक क्षेत्रमा सरुवा पूर्वअनुमानयोग्य हुनु पर्छ, जसका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नआई आफैँले रमाना बनाएर खाली भएको स्थानमा जान सक्ने व्यवस्था गर्नु पर्छ । सरुवाको यो स्वचालित प्रणाली मात्र बनाउने हो भने ९० प्रतिशत राजनीतिक फ्लेबर स्वतः हराउने छ ।

दोस्रो, आन्तरिक न्याय र वैज्ञानिक उत्प्रेरणा प्रणाली । कुनै पनि कर्मचारीले कार्यालयबाट प्राप्त गर्न सक्ने गैरमौद्रिक र मौद्रिक उत्प्रेरणाका साधनको वैज्ञानिक र समन्यायिक वितरण प्रणाली कार्यविधिद्वारा नै व्यवस्थित गर्ने र जिम्मेवार व्यक्तिले सो नगरे दण्डित हुने प्रावधान राख्नु पर्छ । उदाहरणका लागि वैदेशिक मनोनयन, आन्तरिक क्षमता विकासका अवसरहरू, अध्ययन, भ्रमण जस्ता कार्यहरू वैज्ञानिक र मेरिटोक्रेसीमा आधारित बनाउने हो भने कुनै पनि कर्मचारीले अन्याय महसुस गर्दैनन् । यसै अन्तर्गत स्पष्ट कार्यविवरणसहितको कार्यसम्पादन करार र कार्यसम्पादन मूल्याङ्कनको व्यवस्था अपरिहार्य छ । उपर्युक्त दुई प्रावधान कडाइका साथ पालना गरे आफूले अन्याय महसुस गरी हाकिमका विरुद्ध नेताको शरणमा जानुपर्ने बाध्यता अन्त्य हुन्छ । यहीँबाट कर्मचारीले मन नलागी नलागी बोकेको राजनीतिको बोझ पनि बिसाउने छन् । हाल संसद्मा पेस भएको ऐनमा उपर्युक्त विषयलाई ख्याल गरेर कानुनी रूप दिन आवश्यक छ । यसका साथै प्रशासकको राजनीतिमा संलग्नतालाई शून्य सहनशीलताका रूपमा व्यवहार गरी दण्ड र पुरस्कार कार्यान्वयनमा निर्मम हुने हो भने राजनीति छाडेर कार्यालयको काममा नै व्यस्त रहने छन् ।

# प्रशासनिक सुधारको मौका



• रामप्रसाद आचार्य

नेपाल संघीय शासन प्रणालीमा गएको आठ वर्ष बित्यो । देशको प्रशासनिक संरचनाले अझै पनि यसको आकार लिन सकेको छैन । कर्मचारी समायोजन ऐन २०७५ आएपछि कर्मचारीलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्ने कार्य त भएको छ । प्रशासनिक संघीयतामा भएका कार्य यति मात्रै होभन्दा फरक नपर्ला । स्थायी सरकारका रूपमा रहेको निजामती सेवामा समायोजन प्रक्रियाले पारेका मनोवैज्ञानिक तथा पेसागत प्रभाव सर्वत्र देखापरेका छन् । संघीय शासन अनुरूप नयाँ स्थापना भएको प्रदेश संरचना र अलि विकसित र रूपान्तरित स्थानीय तहमा प्रशासनिक व्यवस्थापन त गर्नु सरकारको दायित्व नै हो तर प्रदेश र स्थानीय तहमा प्रशासनिक नियमन, नियन्त्रण तथा सञ्चालनको कुनै कानुनी आधार नबन्दै गरिएको समायोजन प्रक्रियाप्रति कर्मचारी विश्वस्त भएर जाने र उत्साहित भएर काम गर्ने वातावरण बन्न सकेन । जुनसुकै व्यक्तिले पनि निजामती सेवामा प्रवेश गर्दा उसले आफ्नो जीवन निर्वाह, वृति विकास तथा पदसोपानको उच्च तहमा पुग्ने आकांक्षासहित प्रवेश गरेको हुन्छ । सेवा प्रवेश गर्दाको बखतका ऐन, नियम अनुसारका सेवा, सर्त र सुरक्षाको विषयमा सहमत भई प्रतिस्पर्धामा उत्रेको हुन्छ । जब सेवाको बिचमा नै उसको सेवा, सुरक्षा वृतिविकासको पथमा खलल पुग्छ, तब उसमा सेवा प्रवेश गर्दाको उत्साह र मनोबल खस्किन पुग्छ ।

कर्मचारी समायोजन ऐन २०७५ को कार्यान्वयनसँगै समायोजन प्रक्रियामा बढुवा प्रयोजनको वरिष्ठताको विपरीत हुने गरी वरिष्ठताको जुन परिभाषा कायम गरियो सो नै प्रथम दृष्टिमा गलत थियो । समायोजन ऐनबाट प्रभावित केही कर्मचारी सर्वोच्च अदालतको ढोकामा पुगेर अझै पनि न्याय पाउने आशामा प्रतीक्षारत छन् भने कतिपय कर्मचारी सर्वोच्च अदालतबाट पुनः साबिक पदमा पुनर्बहाली भएका छन् । यसबाट पनि समायोजन ऐन विभेदकारी थियो भन्न सकिन्छ ।

संसद्मा पेस गरिएको संघीय निजामती विधेयकमा पनि प्रदेश र स्थानीय तहमा समायोजन भएका र कार्यरत कर्मचारीलाई निजामती कर्मचारीको व्यवहार गरिएको पाउन सकिँदैन । संघीय निजामती सेवाका आधारभूत सिद्धान्तमा कर्मचारीको सरुवा, बढुवा र वृत्तिविकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र व्यावसायिक क्षमतामा आधारित हुने र यो सिद्धान्त प्रदेश र स्थानीय सेवाका लागि पनि मार्गदर्शक हुने भनिएको छ । अब एक स्थानीय तहमा हालको स्वीकृत दरबन्दी संरचनामा सरुवा, बढुवा र वृत्तिविकास कसरी सम्भव छ ? हालै मात्र प्रदेशमा एक तह बढुवा भएका कर्मचारी सेवानिवृत्त हुँदा बढुवा भएको पदको सुविधा र निवृत्तिभरण दिन निजामती किताबखानाले अस्वीकार नै गरेको छ । के यो न्यायिक र वृत्तिविकासको अवसर भयो र ? संघीय निजामती सेवामा पनि प्रदेश र स्थानीय तहकै खाकामा तहगत प्रणालीमा रूपान्तरण हुने प्रस्ताव गरेको देखिन्छ । यो भने स्वागत योग्य नै छ तर प्रदेश र स्थानीय तहका कर्मचारी पनि संघीय निजामती सेवाका पदमा सरुवा भई आउन/जान बढुवामा समान रूपमा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था हुनु पर्छ ।

प्रदेश र स्थानीय तहका दरबन्दी सिर्जना गर्न सम्बन्धित तहका सरकारलाई नै अधिकार दिइएको छ तर त्यसरी सिर्जना भएका दरबन्दीमा नियुक्त वा सरुवा भई जाने कर्मचारीको जिम्मेवारी पनि सम्बन्धित तहकै हुने व्यवस्थाले फेरि कुनै बेला अनावश्यक दरबन्दी सिर्जना हुने र कर्मचारीहरू अलपत्र नपर्लान् भन्ने बलियो आधार देखिँदैन । प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारी एक तह बढुवा भएमा संघीय पदमा प्रतिस्पर्धा नै गर्न नपाउने व्यवस्थाले कर्मचारीको वृतिविकासको पथ नै बन्द हुने निश्चित नै छ । यस्तो नियोजनकारी तह वृद्धि लिन कर्मचारी अनिच्छुक बनेका छन् । कर्मचारीले बढुवाका लागि विभिन्न भौगोलिक क्षेत्रको अनुभव लिनुपर्ने हुन्छ । स्थानीय तहमा कार्यरत कर्मचारी भौगोलिक क्षेत्रको अनुभवका कारणले बढुवाको उम्मेदवार नै हुन नपाउने अवस्था पनि सिर्जना हुने देखिन्छ । संघीय निजामती सेवामा बढुवाका लागि प्रदेश र स्थानीय तहको कर्मचारी उम्मेदवार नै हुन नसक्ने व्यवस्थाले कर्मचारीको वृत्तिविकासको पथ कसरी सुरक्षित हुन सक्छ ?

ऐन लागु भएको १० वर्षसम्म प्रदेशको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाको कर्मचारी रहने व्यवस्थाले यी तहमा कुनै कर्मचारी नेतृत्व क्षमता नै राख्दैनन्, उनीहरू अयोग्य नै हुन् र प्रदेश तथा स्थानीय तहको प्रशासनिक नेतृत्व संघीय सरकारको अन्तर्गत नै राख्नु पर्छ भन्ने मनसाय संघीय सरकारको देखिन्छ । प्रदेशमा कार्यरत वरिष्ठ कर्मचारीको वृत्तिविकासको पथ पूरै अवरुद्ध गर्ने यस्तो नियम कसरी न्यायिक र समानतामा आधारित हुन सक्ला ? नगरपालिकामा कार्यरत कैयौं नवौं र दसौं तहका वरिष्ठ उपसचिव र गाउँपालिकाका अधिकृत कर्मचारीमाथि संघीय कर्मचारी रहने सोचले फेरि एक पटक स्थानीय तहका कर्मचारीलाई अपमानित महसुस गर्नुपर्ने अवस्था आएको छ । यस्तो गम्भीर विषयमा लोक सेवा आयोगले पनि उपयुक्त हुने राय दिएको भन्ने खबरले अब लोक सेवा आयोगले पनि कर्मचारीमाथि विभेद गरेको ठहरिँदैन र ? सम्मानित सर्वोच्च अदालतबाट कर्मचारी समायोजनसम्बन्धी मुद्दामा भएको निर्देशात्मक आदेशविपरीत संघीय निजामती सेवा विधेयकमा उल्लेख भएको छ ।

बन्न लागेको संघीय निजामती सेवा ऐनमा तीनै तहको प्रशासनिक व्यवस्थापनका लागि एकीकृत निजामती सेवा गठन गरेर सबै तहका कर्मचारीलाई एउटै कानुन र व्यवस्थापन प्रणालीमा आबद्ध गर्दा कर्मचारी व्यवस्थापन सरल र सहज हुन्छ । अनि कर्मचारीको मनोबल पनि उच्च हुन्छ । साथै सम्बन्धित प्रदेश र स्थानीय तहमा सङ्गठनात्मक संरचना, आवश्यक कर्मचारीको दरबन्दी संरचना जस्ता विषयमा एकरूपता कायम गर्न ऐन सक्षम हुनु पर्छ । सबै स्थानीय तहका अलग अलग ऐन नियमावली, प्रदेशका अलग अलग ऐन नियमावली बनाउँदै जाने हो भने भविष्यमा निजामती सेवा र समग्र प्रशासनिक संयन्त्र अनियन्त्रित, भद्रगोल अस्तव्यस्त, प्रभावहीन र अराजक बन्ने खतरा रहन्छ । सरकारले यस विषयमा ध्यान पुऱ्याउनु पर्छ । नेपालको प्रशासन रूपान्तरणको यो सुनौलो मौकालाई भरपूर उपयोग गर्नु पर्छ ।

# ब्राउनसगुरसहित चारजना पक्राउ



झापा(प्रस)। झापाको छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित लागूऔषध ब्राउनसगुरसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषधको ओसारपसार तथा बेचबिखन समेत भइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजार झापाबाट खटिएको प्रहरी टोलीले कनकाई नगरपालिका-९ का २६ वर्षीय ललितकुमार राजवंशी र बिर्तामोड नगरपालिका-३ का २५ वर्षीय अनिलकुमार राजवंशीलाई ४८० मिलिग्राम ब्राउनसगुर र एक थान मोबाइलसहित पक्राउ गरेको हो । उता इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका-८ बाट दमक-९ का ३५ वर्षीय विनोद राई र ३१ वर्षीय गोपाल लम्जेललाई सात ग्राम १०० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

लागूऔषधसहित पक्राउ परेका उनीहरूको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

# जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन गृहकार्य

झापा(प्रस)। जलवायु परिवर्तनसम्बन्धी कानुन निर्माण गर्न गृहकार्य सुरु भएको छ। नेपाल कानुन आयोगले जलवायु परिवतनसम्बन्धी व्यवस्था गर्न आवश्यक कानुनका लागि विधेयकको मस्यौदा तयार पारेको हो ।

नेपालमा हालसम्म जलवायु परिवर्तनसम्बन्धी कानुन छैन । सर्वोच्च अदालतले २०७५ पुस १० मा जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन सरकारलाई आदेश गरेको थियो ।

तत्कालीन प्रधानन्यायाधीश ओमप्रकाश मिश्र र न्यायाधीश तेजबहादुर केसीको पूर्ण इजलासले नेपालको संघीय संविधानअनुसार जलवायु परिवर्तनसम्बन्धी ऐन बनाउन आदेश दिएको थियो । अधिवक्ता पदमबहादुर श्रेष्ठले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई २०७४ कात्तिक १४ मा रिट दायर गरेका थिए ।

जलवायु परिवर्तनको विषय अति गम्भीर भए पनि नेपालमा विद्यमान वातावरण संरक्षणसम्बन्धी बनेको वातावरण संरक्षण ऐन-२०५३ मा जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्ने कुनै कानुनी व्यवस्था नभएको उल्लेख गर्दै श्रेष्ठले रिट हालेका थिए ।

त्यसको सुनुवाइ गर्दै जलवायु परिवर्तनसम्बन्धी कानुन निर्माणका लागि छुट्टै ऐन आवश्यक रहेको फैसला आएको थिए । त्यसबेला अदालतले ऐन लागू नभएसम्म जलवायु परिवर्तन नीति २०६७ मा उल्लेख व्यवस्था तत्काल कार्यान्वयन गर्न/गराउनसमेत फैसला दिएको थियो ।

नेपाल कानुन आयोगका प्रवक्ता पाराश्वर ढुंगानाले जलवायु परिवर्तनसम्बन्धी कानुन निर्माणका लागि प्रारम्भिक मस्यौदा तयार पारेको र यो छलफलकै चरणमा रहेको जानकारी दिए । उनले भने, 'मस्यौदा तयार पारेर एक पटक छलफल पनि गरेका छौं । सम्भव भएमा अर्को पटक पनि छलफल गर्नेछौं । प्रारम्भिक मस्यौदा तयार पारेपछि वन तथा वातावरण मन्त्रालयमा पठाउनेछौं ।'

४६ बुँदामा कानुन आयोगले तयार पारेको विधेयकको मस्यौदाअनुसार अन्तर्राष्ट्रियस्तरमा स्वीकार गरिएका जलवायु परिवर्तनसम्बन्धी दायित्व निर्वाह गर्न, जलवायु बजेट र कार्बन व्यापार पद्धतिलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्न र जलवायु परिवर्तनका कारण नेपालको आर्थिक, सामाजिक वातावरण, कृषि, जैविक विविधतामा उत्पन्न समस्याको दिगो समाधान र व्यवस्थापन स्थापित गर्ने सम्बन्धमा आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्न वाञ्छनीय भएको उल्लेख छ ।

मस्यौदामा कार्बन व्यापार, खुद कार्बन खाता, राष्ट्रिय जलवायु प्राधिकरण, हरितगृह ग्यास, अनुकूलन, उत्सर्जनलगायत विषयमा उल्लेख गरिएको छ। साथै, जलवायु परिवर्तन तथा अनुकूलनसम्बन्धी कार्यहरू प्रभावकारी रूपले सम्पादनका लागि राष्ट्रिय जलवायु प्राधिकरण स्थापना गर्ने भनिएको छ ।

प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित क्षेत्रका लागि उपयुक्त कानुन, नीति, योजना तथा कार्यान्वयनका उपाय तयार गरी नेपाल सरकार तथा नेपाल सरकारका सम्बद्ध निकायलाई प्राविधिक सहयोग र परामर्श दिने प्राधिकरणको काममा उल्लेख छ ।

मस्यौदामा राष्ट्रिय जलवायु परिषद् रहने पनि उल्लेख छ । जलवायु परिवर्तन तथा अनुकूलनका क्षेत्रमा राष्ट्रिय नीति, राष्ट्रिय कार्यक्रम र योजना निर्माण गरी सोको समन्वयात्मक रूपले कार्यान्वयन गराउने उद्देश्यका लागि राष्ट्रिय जलवायु परिषद् गठन गरिने भनिएको छ ।

मस्यौदामा जलवायु परिवर्तन न्यूनीकरण र जलवायु बजेटबारेमा पनि जोड दिइएको छ । जलवायु परिवर्तनको प्रभावबाट अत्यधिक

❖ बाँकी अन्तिम पृष्ठमा

# महाकुम्भ दर्शनार्थीका लागि निःशुल्क हेल्थ डेस्क



झापा(प्रस) ।बाह्र वर्षमा लाग्ने पिण्डेश्वर महाकुम्भ मेला सुरु भएसँगै दर्शनार्थी भक्तजनका लागि एक महिने निःशुल्क हेल्थ डेस्क राखिएको छ ।

नेपाली कांग्रेस प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, क्षेत्र १, सुनसरीले धरानस्थित ऐतिहासिक पवित्र धार्मिकस्थल पिण्डेश्वर मन्दिर परिसरमा कांग्रेसको क्षेत्रीय स्वास्थ्य विभागको संयोजनमा सो हेल्थ डेस्क राखेको हो ।

कांग्रेस प्रदेश सभा १ (१), १ (२), धरान नगर, १४ नं. वडा र नेपाल महिला संघ, प्रदेश सभा १ (१), १ (२), धरान नगर कार्यसमिति, पिण्डेश्वर बाबाधाम व्यवस्थापन समिति र सानिमा रिलायन्स लाइफ ईन्स्योरेन्स, धरानको सहयोग एवम् अमर पोलिक्लिनिक धरान-१८ को प्राविधिक सहयोगमा एक महिने निःशुल्क हेल्थ डेस्क सुरु गरिएको छ ।

महाकुम्भ मेलामा टाढा-टाढावाट ठुलो संख्यामा भक्तजन आउने र विविध कारणले बिरामी पर्न सक्ने दर्शनार्थीलाई केन्द्रित गरी महाकुम्भ मेला अविधिभर निःशुल्क हेल्थ डेस्क राखिएको कांग्रेस सुनसरी -१ का क्षेत्रीय सभापति सुजेन्द्र तामाङले बताए ।

कांग्रेस नेता पूर्व केन्द्रीय सदस्य गुरुराज घिमिरेले दर्शनार्थी भक्तजनको अचानक स्वास्थ्यमा समस्या आउन सक्ने अवस्था रहने हुँदा स्वास्थ्य सुविधा र स्वास्थ्य रहन मद्दत गर्ने जनचेतनामूलक पर्चासहित स्वास्थ्य शिविर राखेर मानवीय सेवाको काम गरेको भन्दै हेल्थ डेस्कको प्रशंसा गरे ।

हेल्थ डेस्क सुरुवात गरेकै दिन १२३ जना दर्शनार्थी भक्तजनले स्वास्थ्य परीक्षण गराएको कांग्रेसका क्षेत्रीय स्वास्थ्य विभाग प्रमुख शिखा चेम्जोङले बताइन् । स्वास्थ्य परीक्षण गर्ने काममा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका चिकित्सक नर्स तथा स्वास्थ्यकर्मी समेत सहभागी भएका थिए ।

दर्शनार्थी भक्तजनले स्वास्थ्यप्रति चिन्तित भएर एक महिनासम्म सञ्चालन हुनेगरी हेल्थ डेस्क राखेर नेपाली कांग्रेसले राम्रो काम गरेको बताएका छन् । हेल्थ डेस्क सञ्चालन तथा व्यवस्थापनमा कांग्रेसका धरान नगर उपसभापति तथा १८ नं. वडा अध्यक्ष नरेन्द्रकुमार राई (प्रविन), ३ नं. वडा अध्यक्ष विद्या शाक्य, क्षेत्रीय सल्लाहकार तथा प्रदेश सम्मेलन सदस्य गोविन्द बस्नेत, प्रदेशसभा १ (१) कोषाध्यक्ष रमिना सुब्बा गुरुङ, नेपाल तरुण दल धरान नगर अध्यक्ष रामकुमार तामाङलगायतले सहयोग गरेका छन् ।

# एक करोडको लागतमा प्रसूतिसेवा भवन निर्माण

झापा(प्रस)। भोजपुरको षडानन्द नगरपालिका-९ किमालुङमा सुविधासम्पन्न प्रसूतिसेवा भवन निर्माण भएको छ । जिल्लाको विकट यो गाउँमा रु एक करोड लागतमा भवन निर्माण गरिएको हो । भवन निर्माणसँगै सुत्केरी गराउन तथा स्वास्थ्य सेवा लिन छिमेकी जिल्ला संखुवासभा जानुपर्ने बाध्यताको अन्त्य भएको छ । भवनमा आवश्यक उपकरण पनि जडान गरिएको छ । अब स्वास्थ्य सेवा लिन सहज भएको स्थानीय वीरबहादुर तामाङले बताए । "यो दुर्गम ठाउँमा सुविधासम्पन्न भवन बनेको छ, सेवा लिन संखुवासभा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको छ । अब राज्यले आवश्यक जनशक्ति व्यवस्थापनमा ध्यान दिन आवश्यक छ", उनले भने ।



यो भवनबाट षडानन्द नगरपालिका वडा नं १०, ९, ८ र ३ का स्थानीयलाई प्रत्यक्ष लाभ पुग्ने वडाध्यक्ष निमा शेर्पाले बताए । नेपाल हेल्पिङ एजुकेशन फाउण्डेसन अफ नेपालको अनुदानमा रु एक करोड लागतमा केन्द्र स्थापना गरिएको हो । भवन निर्माणमा जर्मनीका दुई र स्वीजरल्याण्डको एउटा संस्थाको सहयोग रहेको उनले जानकारी दिए ।

नवनिर्मित सात कोठाको भवनमा आवश्यक सम्पूर्ण आधुनिक उपकरण जडान गरिएको फाउण्डेसनका प्रबन्धक रामकुमार तामाङले बताए । "करिब रु एक करोड लागतमा भवनसँगै आवश्यक उपकरण जडान गरेका छौं, यहाँ आवश्यक पर्ने जनशक्ति षडानन्द नगरपालिकाले व्यवस्थापन गर्ने सम्झौता गरेका छौं । यहाँ शल्यक्रिया गरेर सुत्केरी गराउन सक्ने उपकरण जडान गरिएको छ । यससँगै अन्य स्वास्थ्य सेवा पनि प्रवाह गर्न सकिन्छ", उनले भने ।

सम्झौताअनुसार जनशक्तिको व्यवस्थापन गरिने नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले बताए । नवनिर्मित भवनलाई सरकारको स्वामित्वमा ल्याएर जनशक्ति व्यवस्थापनसँगै सञ्चालन गरिने उनले बताए । भवन निर्माण गर्न स्थानीय सुवास तामाङले निःशुल्क एक रोपनी जग्गा प्रदान गरेका हन् ।

# भारतको छत्तीसगढमा बस दुर्घटना, १२ जनाको मृत्यु



एजेन्सी । भारतको छत्तीसगढमा मजदुर बोकेको बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ।

मंगलबार बेलुकी साढे ८ बजे एक निजी कम्पनीको मजदुर चढेको बस छत्तीसगढको दुर्ग जिल्लास्थित कुम्हारीनजिक दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको हो।बिबिसीका अनुसार बस खपरी गाउँ पुग्नैलाग्दा अनियन्त्रित भई सडकबाट करिब ४० मिटर तल खसेको थियो।दुर्घटनामा १५ जनाभन्दा बढी घाइते भएका छन्।त्यहाँ पुगेपछि गाडीको हेडलाइट नबलेको र सडकबत्ति पनि नबलेकोले दुर्घटना भएको घाइतेहरूले बताएका छन्।

कच्ची सडकमा बस अनियन्त्रित भएपछि छेउमा रहेको खानीको खाडलमा खसेको घाइतेलाई उद्धृत गर्दै बिबिसीले उल्लेख गरेको छ।

उक्त स्थानमा यसअघि पनि धेरै दुर्घटना भएको बताइएको छ। तर अहिलेसम्म खानीको खाली रहेको खाल्डो पुरिएको छैन।

छत्तीसगढका मुख्यमन्त्री विष्णुदेव सायले घटनाको अनुसन्धानका लागि निर्देशन दिइसकेको बताएका छन्। दुर्घटनापछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र छत्तीसगढका मुख्यमन्त्री विष्णुदेव सायले दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

# किसानलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्री

झापा(प्रस)। सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकामा किसानलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्री वितरण गरिएको छ। गाउँपालिकाले कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण गर्नका लागि सिँचाई मोटर, कोदालो, विषादी छर्ने पावर स्प्रेयरलगायतका कृषि सामग्री हस्तान्तरण गरेको हो ।

भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्ष अजमल अख्तर आजादले किसानहरूको माग र आवश्यकतालाई ध्यानमा राखेर कृषि सामग्री तथा कृषि औजार वितरण गरेको जानकारी दिए । गाउँपालिकाको आफ्नो बजेट, नीति तथा कार्यक्रमअन्तर्गत चालू आर्थिक वर्ष २०८०-०८१ मा विभिन्न कृषि सहकारी संस्था, कृषि समूह र कृषि फर्ममार्फत किसानहरूलाई कृषि सामग्री वितरण गर्ने योजनाअनुसार कृषि औजार र सामग्री वितरण गरेको आजादले जानकारी दिए ।

पछिल्लो पटक भोक्राहा नरसिंह गाउँपालिका वडा नम्बर १ स्थित शान्तेश्वर कृषि सहकारी संस्था लिमिटेडमार्फत् कृषि सामग्री वितरण तथा हस्तान्तरण कार्यक्रममा संस्थाका सेयर सदस्यहरूलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्री र औजार हस्तान्तरण गरेको जनाएको छ ।

# इटहरीमा कारको ठक्करबाट पैदलयात्रीको मृत्यु

झापा(प्रस)।सुनसरीको इटहरी उपमहानगरपालिका-२ हलगडा चोकमा मंगलवार साँझ कारले ठक्कर दिँदा पैदलयात्री भोजपुरका ५२ वर्षीय जयबहादुर राईको मृत्यु भएको छ।

धरानबाट इटहरीतर्फ आउँदै गरेको प्रदेश १-०२९ च. ९४५९ नम्बरको कारले अचानक ठक्कर दिँदा घाइते भएका भोजपुरको हतुवागढी गाउँपालिका-६ घर भई इटहरी-२ हलगडामा बस्दै आएका राईको उपचारको क्रममा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।